परिमार्जित २०८१

**सुदूरपश्चिम विश्वविद्यालय**
**शिक्षाशास्त्र सङ्काय**
**नेपाली शिक्षा कार्यक्रम**

**पाठ्यांश शीर्षक** : नेपाली काव्य

**विषय सङ्केत नं. :** Nep.Ed. 243

**विषयको प्रकृति :** सैद्धान्तिक

**तह :** स्नातक

**जम्मा पाठ्यघण्टा (क्रेडिट आवर) :** ३

**सत्र :** चतुर्थ

**शिक्षण घन्टी** : ४८

## १. पाठ्यांश परिचय

प्रस्तुत पाठ्यांश शिक्षाशास्त्र सङ्कायको सत्रप्रणाली (आठ सेमेस्टर) मा आधारित बी.एड. कार्यक्रमको नेपाली शिक्षा मूल विषय लिई अध्ययन गर्ने विद्यार्थीहरूका लागि तयार पारिएको हो । यस पाठ्यांशमा नेपाली काव्यसाहित्यका प्रमुख काव्यकारका प्रवृत्ति तथा तिनका निर्धारित खण्डकाव्य, लामो कविता र महाकाव्यको परिचय, आस्वादन, विकासक्रम, कृति विवेचना र प्रासङ्गिक व्याख्यासम्बन्धी सैद्धान्तिक एवम् प्रायोगिक ज्ञान र क्षमता विकास गर्ने दृष्टिकोण राखिएको छ । यसवाट विद्यार्थीहरूमा नेपाली भाषाशिक्षणमा काव्य विधाको उपयोग गर्ने शिक्षण कौशलको समेत विकास हुने अपेक्षा गरिएको छ ।

## २. साधारण उद्देश्य

यस पाठ्यांशको अध्ययनपछि विद्यार्थीहरू निम्नलिखित कुरामा सक्षम हुनेछन् :

क) खण्डकाव्य र लामो कविताको सैद्धान्तिक परिचय दिई नेपाली खण्डकाव्य र लामो कविताको विकासक्रमको रूपरेखा बताउन,

ख) खण्डकाव्यकार मोतीराम भट्ट, लेखनाथ पौड्याल, माधव घिमिरे तथा लामो कविताका सर्जक मोहन कोइरालाका प्रमुख काव्यप्रवृत्तिहरूको परिचय दिन,

ग) शीर्षक, कथावस्तु वा विषयवस्तु, भावविचार, संरचना, लयविधान, भाषाशैली, कथनपद्धति, बिम्बालङ्कार र प्रतीकका आधारमा निर्धारित खण्डकाव्य एवम् लामो कविताको विवेचना गर्न,

घ) महाकाव्यको सैद्धान्तिक स्वरूप र तत्त्वगत विवेचनासहित नेपाली महाकाव्यको विकासप्रक्रिया र प्रवृत्तिको रूपरेखा बताउन र

ङ) महाकवि लक्ष्मीप्रसाद देवकोटाका महाकाव्यीय प्रवृत्तिको विश्लेषण गरी विभिन्न कोणवाट 'सुलोचना' महाकाव्यको विवेचना गर्न ।

## ३. विशिष्ट उद्देश्य र पाठ्य विषयवस्तुको विवरण

| विशिष्ट उद्देश्य | पाठ्यवस्तुको विवरण |
|---|---|
| क) खण्डकाव्यको स्वरूप, परिभाषा र तत्त्वगत परिचय दिन,<br>ख) लामो कविताको स्वरूप, परिभाषा र तत्त्वगत परिचय दिन । | **एकाइ एक : खण्डकाव्य र लामो कविताको सैद्धान्तिक परिचय (६ घन्टी)**<br>१.१ खण्डकाव्य : स्वरूप, परिभाषा र तत्त्व (शीर्षक, कथावस्तु वा विषयवस्तु, भावविचार, संरचना, लयविधान, भाषाशैली, कथनपद्धति, बिम्बालङ्कार र प्रतीक)<br>१.२ लामो कविता : स्वरूप, परिभाषा र तत्त्व (शीर्षक, कथावस्तु वा विषयवस्तु, भावविचार, संरचना, लयविधान, भाषाशैली, कथनपद्धति, बिम्बालङ्कार र प्रतीक) |
| क) आधुनिक नेपाली खण्डकाव्यको पृष्ठभूमि र विकासप्रक्रियाको वर्णन गर्न,<br>ख) आधुनिक नेपाली लामो कविताको पृष्ठमूमि र विकासप्रक्रिया उल्लेख गर्न । | **एकाइ दुई : नेपाली खण्डकाव्य र लामो कविताको विकासक्रम (७ घन्टी)**<br>२.१ आधुनिक नेपाली खण्डकाव्यको पृष्ठभूमि र विकास प्रक्रिया : पृष्ठभूमि, प्राथमिक काल, माध्यमिक काल र आधुनिक काल<br>२.२ आधुनिक नेपाली लामो कविताको पृष्ठभूमि र विकास प्रक्रिया |
| क) खण्डकाव्यकार मोतीराम भट्टका खण्डकाव्यगत प्रवृत्तिसहित खण्डकाव्यका तत्त्वगत आधारमा ‘पिकदूत’ खण्डकाव्यको कृति विवेचना गर्न र विशिष्ट पङ्क्तिहरूको सप्रसङ्ग व्याख्या गर्न,<br>ख) खण्डकाव्यकार लेखनाथ पौड्यालका खण्डकाव्यगत प्रवृत्तिसहित खण्डकाव्यका तत्त्वगत आधारमा ‘ऋतु विचार’ खण्डकाव्यको विवेचना गर्न र शरद् विचारका विशिष्ट पङ्क्तिहरूको सप्रसङ्ग व्याख्या गर्न,<br>ग) खण्डकाव्यकार माधव घिमिरेको खण्डकाव्यगत प्रवृत्तिसहित खण्डकाव्यका तत्त्वगत आधारमा ‘पापिनी आमा’ खण्डकाव्यको समीक्षण र विशिष्ट | **एकाइ तीन : प्रमुख काव्यकारका प्रवृत्ति र तिनका काव्यकृतिको अध्ययन (१६ घन्टी)**<br>३.१ मोतीराम भट्ट : पिकदूत<br>३.१.१ खण्डकाव्यकार मोतीराम भट्टको परिचय र उनका खण्डकाव्यगत प्रवृत्तिहरू<br>३.१.२ पिकदूत खण्डकाव्यको तत्त्वगत आधारमा विश्लेषण<br>३.१.३ पिकदूत खण्डकाव्यका विशिष्ट पङ्क्तिको सप्रसङ्ग व्याख्या<br>३.२ लेखनाथ पौड्याल : ऋतुविचार<br>३.२.१ खण्डकाव्यकार लेखनाथ पौड्यालको परिचय र उनका खण्डकाव्यगत प्रवृत्तिहरू<br>३.२.२ ऋतुविचार खण्डकाव्यको तत्त्वगत आधारमा विश्लेषण<br>३.२.३ ऋतुविचार खण्डकाव्यको शरद् विचारका विशिष्ट पङ्क्तिको सप्रसङ्ग व्याख्या<br>३.३ माधवप्रसाद घिमिरे : पापिनी आमा |

| | |
|---|---|
| पङ्क्तिहरूको व्याख्या गर्न,<br><br>घ) लामो कविताकार मोहन कोइरालाका काव्य प्रवृत्तिहरू औँल्याई लामा कविताका तत्त्वगत आधारमा 'सिमसारका राजदूत' लामो कविताको समीक्षा गर्न । | ३.३.१ खण्डकाव्यकार माधवप्रसाद घिमिरेको परिचय र उनका खण्डकाव्यगत प्रवृत्तिहरू<br>३.३.२ 'पापिनी आमा' खण्डकाव्यको तत्त्वगत आधारमा विश्लेषण<br>३.३.३ 'पापिनी आमा' खण्डकाव्यका विशिष्ट पङ्क्तिको सप्रसङ्ग व्याख्या<br>३.४ मोहन कोइराला : सिमसारका राजदूत<br>३.४.१ कवि मोहन कोइरालाको परिचय र उनका लामो कवितात्मक प्रवृत्तिहरू<br>३.४.२ 'सिमसारका राजदूत' लामो कविताको तत्त्वगत आधारमा विश्लेषण |
| क) पूर्वीय र पाश्चात्य मान्यतामा महाकाव्यको परिचय र स्वरूप निधारण गर्न<br>ख) महाकाव्यका आधारभूत तत्त्वहरूको वर्णन गर्न<br>ग) नेपाली महाकाव्यको विकास प्रक्रिया र प्रवृत्तिहरू औँल्याउन । | **एकाइ चार : महाकाव्यको सैद्धान्तिक स्वरूप तथा नेपाली महाकाव्यको विकास प्रक्रिया (७ घन्टी)**<br>४.१ पूर्वीय र पाश्चात्य मान्यतामा महाकाव्य<br>४.२ महाकाव्यका आधारभूत तत्त्व विषयवस्तुगत भावविचार, संरचना, लयविधान, भाषाशैली र कथनपद्धति)<br>४.३ नेपाली महाकाव्यको विकासप्रक्रिया र प्रवृत्ति (पृष्ठभूमि र वर्तमान अवस्था) |
| क) महाकवि लक्ष्मीप्रसाद देवकोटाका महाकाव्यीय प्रवृत्तिहरूको चिरफार गर्न,<br>ख) महाकाव्यका तत्त्वका आधारमा 'सुलोचना' महाकाव्यको अध्ययन र विश्लेषण गर्न<br><br>ग) 'सुलोचना' महाकाव्यका चतुर्थ सर्गका विशिष्ट पङ्क्तिहरूको सप्रसङ्ग व्याख्या गर्न । | **एकाइ पाँच : महाकवि लक्ष्मीप्रसाद देवकोटा र 'सुलोचना' महाकाव्यको अध्ययन (१२ घन्टी )**<br>५.१ महाकवि लक्ष्मीप्रसाद देवकोटाका महाकाव्यीय प्रवृत्तिहरू<br>५.२ महाकाव्यगत तत्वका आधारमा 'सुलोचना' महाकाव्यको विश्लेषण<br>५.३ 'सुलोचना' महाकाव्यका चतुर्थ सर्गका विशिष्ट पङ्क्तिहरूको सप्रसङ्ग व्याख्या |

## ४. शिक्षण प्रक्रिया

प्रस्तुत पाठ्यांश मुख्यतः सैद्धान्तिक प्रकृतिको भएकाले यसको शिक्षणमा व्याख्यान, प्रश्नोत्तर, प्रदर्शन, छलफल, परियोजना, पुस्तकालय कार्य, खोज, कक्षा प्रस्तुति जस्ता विभिन्न विधि अवलम्बन गरिनेछ । यसै गरी पाठ्यपुस्तक, सन्दर्भपुस्तक, पाठपत्र, आरेख, तालिका, सूची आदिसमेतको उपयोग गरेर योजनाबद्ध शिक्षण गर्नमा जोड दिइनेछ । व्याख्यान विधिको कम उपयोग गरी विद्यार्थी सहभागितामूलक शिक्षण कार्यकलापहरूलाई बढी महत्त्व दिइनेछ । नेपाली महाकाव्य, खण्डकाव्य र लामो कविताका विविध पक्षको सविस्तृत जानकारी यसमा अपेक्षित भएकाले सोअनुरूपका पाठ्यसामग्री र पाठपत्रहरूको पठन र छलफलमा विशेष ध्यान दिनुपर्नेछ । एउटा कृतिको नमुना

विश्लेषण र ससन्दर्भ व्याख्या प्रस्तुत गरी अन्य कृतिहरूको व्याख्या विश्लेषण गर्न विद्यार्थीलाई प्रोत्साहन गरी शिक्षकले सहयोगीको भूमिका निर्वाह गर्नुपर्नेछ ।

## ५. आन्तरिक मूल्याङ्कन ४०%

यस पाठ्यांशको आन्तरिक मूल्याङ्कन शिक्षकद्वारा निम्न गतिविधिहरूको आधारमा सञ्चालन गरिनेछ :

**क) कक्षा गतिविधिहरूमा उपस्थिति र सहभागिता :** ५+५ = १० अङ्क

**ख) मूल्याङ्कन (असाइनमेन्ट) १ :प्रतिबिम्बात्मक नोट) र कक्षा प्रस्तुतीकरण** : ५+५=१० अङ्क

(प्रत्येक एकाइको अन्तमा शिक्षकले दिएका २ देखि ४ प्रश्नमा प्रतिबिम्बात्मक टिप्पणीहरू र तीमध्ये कुनै दुईको प्रस्तुतीकरण)

**ग) मूल्याङ्कन (असाइनमेन्ट) २ : अध्ययनपत्र, निबन्ध, परियोजना र अन्तर्वार्ता** : ५+५ = १० अङ्क

(विद्यार्थीहरूले छानेका तथा शिक्षक एव. अन्तर्वार्ताद्वारा अनुमोदित गरिएका विषयहरूमा अध्ययनपत्र वा परियोजना) परियोजना कार्यमा स्थानीय भेकका काव्यकार, तिनका प्रवृत्ति र काव्यकृतिहरूको व्याख्या विश्लेषणलाई प्राथमिकता दिइनेछ ।
जस्तैः लोकेन्द्रबहादुर चन्द, आनन्ददेव भट्ट र मनिराम जोशी आदि ।

**घ) आन्तरिक परीक्षाः** १० अङ्क

## ६. बाह्य मूल्याङ्कन ६०%

यस पाठ्यांशको सत्रको अन्त्यमा परीक्षा नियन्त्रण कार्यालयले निम्नानुसार बाह्य मूल्याङ्कनमा आधारित लिखित परीक्षा सञ्चालन गर्नेछ :

| प्रश्नका प्रकारहरू | सोधिने जम्मा प्रश्नहरू | जवाफ दिनुपर्ने प्रश्नहरूको सङ्ख्या र अङ्कभार | कुल पूर्णाङ्क |
|---|---|---|---|
| **समूह 'क' बहुवैकल्पिक** | १० ओटा प्रश्न | **१०×१** | **१०** |
| **समूह 'ख' सङ्क्षिप्त उत्तरात्मक** | दुइटा अथवासहित ६ ओटा प्रश्न | **६×५** | **३०** |
| **समूह 'ग' लामो उत्तरात्मक** | एउटा अथवासहित दुइटा प्रश्न | **२×१०** | **२०** |

## ७. पाठ्यसामग्री र सन्दर्भसामग्री

### क) प्रमुख पाठ्यसामाग्री

कोइराला, मोहन (२०६५), *सिमसारका राजदूत,* साझा प्रकाशन (पाठ्यकृतिका लागि) ।

घिमिरे, माधवप्रसाद (२०६३), *पापिनी आमा,* साझा प्रकाशन (पाठ्यकृतिका लागि) ।

देवकोटा, लक्ष्मीप्रसाद (२०४४), *सुलोचना,* साझा प्रकाशन (पाठ्यकृतिका लागि) ।

पौड्याल, लेखनाथ (२०४२), *ऋतुविचार,* साझा प्रकाशन (पाठ्यकृतिका लागि) ।

भट्ट, मोतीराम (२०२९) पिकदूत, साझा प्रकाशन (पाठ्यकृतिका लागि) ।

### ख) सन्दर्भ सामग्री

अवस्थी, महादेव (२०६४),*आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श,* इन्टेलेक्च्युअल बुक प्यालेस ।

उपाध्याय, केशवप्रसाद (२०५०), *विचार र व्याख्या,* साझा प्रकाशन ।

उपाध्याय, धनकृष्ण (२०८१), *नेपाली काव्य,* ड्रिमल्यान्ड प्रकाशन ।

गौतम, कृष्ण (२०६०), *देवकोटाका प्रबन्ध काव्य,* विद्यार्थी पुस्तक भण्डार ।

जोशी, कुमारबहादुर (२०६०), *महाकवि देवकोटा र उनका महाकाव्य,* साझा प्रकाशन ।

पोखरेल, भानुभक्त (२०५६), *माधव घिमिरेका विशिष्ट खण्डकाव्य,* : साझा प्रकाशन ।

प्रसाईं, नरेन्द्रराज (२०५७), *नेपाली साहित्यका समालोचक र समालोचना,* एकता प्रकाशन ।

बन्धु, चूडामणि (२०६०), *देवकोटा,* साझा प्रकाशन ।

रिसाल, राममणि (२०६०), *नेपाली काव्य र कवि,* साझा प्रकाशन ।

शर्मा, मोहनराज र श्रेष्ठ, दयाराम (२०४६), *नेपाली साहित्यको संक्षिप्त इतिहास,* साझा प्रकाशन ।

परिमार्जित २०८१

**सुदूरपश्चिम विश्वविद्यालय**
**शिक्षाशास्त्र सङ्काय**
**नेपाली शिक्षा कार्यक्रम**

**पाठ्यांश शीर्षक :** भाषिक मूल्याङ्कन

**विषय सङ्केत नं. :** Nep.Ed. 244 **विषयको प्रकृति :** सैद्धान्तिक

**तह :** स्नातक **जम्मा पाठ्यघण्टा (क्रेडिट आवर) :** ३

**सत्र :** चतुर्थ **शिक्षण घन्टी :** ४८

## १. पाठ्यांश परिचय

प्रस्तुत पाठ्यांश शिक्षाशास्त्र सङ्कायको सत्रप्रणाली (आठ सेमेस्टर) मा आधारित बी.एड. कार्यक्रमको नेपाली शिक्षा मूल विषय लिई अध्ययन गर्ने विद्यार्थीहरूका लागि तयार पारिएको हो । यस पाठ्यांशमा भाषिक मूल्याङ्कनका सिद्धान्त, आवश्यकता, प्रकार, परीक्षाका विशेषता, मूल्याङ्कनका प्रचलित युक्तिहरू, मूल्याङ्कनका योजना र प्रश्न निर्माण तथा पश्चमार्जन प्रभावसम्बन्धी सैद्धान्तिक एवम् प्रायोगिक ज्ञान र क्षमता विकास गर्ने दृष्टिकोण राखिएको छ । यसवाट विद्यार्थीहरूमा नेपाली भाषाशिक्षणमा मूल्याङ्कनको केकसरी उपयोग गर्ने भन्ने शिक्षण कौशलका साथै भाषिक मूल्याङ्कनका लागि विविध पक्षको प्रयोग गर्ने क्षमताको समेत विकास हुने अपेक्षा गरिएको छ ।

## २. साधारण उद्देश्य

यस पाठ्यांशको अध्ययनपछि विद्यार्थीहरू निम्नलिखित कुरामा सक्षम हुनेछन् :

क) भाषिक मूल्याङ्कनको परिचय दिई त्यसको सिद्धान्त, आवश्यकता, प्रकार र परिपाटी स्पष्ट पार्न
ख) असल परीक्षाका विशेषताहरू स्पष्ट पार्न,
ग) भाषिक मूल्याङ्कनका प्रचलित युक्तिहरूको परिचय र उपयोगिता बताउन,
घ) भाषिक मूल्याङ्कनका लागि योजना र प्रश्न निर्माणको परिचयका साथै मूल्याङ्कन योजना बनाई प्रश्ननिर्माण गर्न र
ङ) पश्चमार्जन प्रभावको आवश्यकता, उपयोगिता र परीक्षण प्रभावकारी बनाउने उपायहरू औंल्याउन ।

## ३. विशिष्ट उद्देश्य र पाठ्य विषयवस्तुको विवरण

| विशिष्ट उद्देश्य | पाठ्यवस्तुको विवरण |
|---|---|
| क) भाषिक मूल्याङ्कनको परिचय दिन,<br>ख) भाषिक मूल्याङ्कनको आवश्यकता र उपयोगिता बताउन,<br>ग) भाषिक मूल्याङ्कनका सिद्धान्तहरूको वर्णन गर्न,<br>घ) भाषिक मूल्याङ्कनका प्रकारहरूको वर्गीकरण गर्न,<br>ङ) परीक्षा र मूल्याङ्कनको अन्तर्सम्वन्ध स्पष्ट पार्न,<br>च) नेपाली भाषाशिक्षणमा प्रचलित मूल्याङ्कन परिपाटीहरू चर्चा गर्न । | **एकाइ एक : नेपाली भाषाशिक्षणमा मूल्याङ्कन (१० घन्टी )**<br>१.१ भाषिक मूल्याङ्कनको परिचय<br>१.२ भाषिक मूल्याङ्कनको आवश्यकता र उपयोगिता<br>१.३ भाषिक मूल्याङ्कनका सिद्धान्त<br>१.४ भाषिक मूल्याङ्कनका प्रकार<br>१.५ परीक्षा र मूल्याङ्कनको सम्बन्ध<br>१.६ नेपाली भाषाशिक्षणमा प्रचलित मूल्याङ्कन परिपाटी |

| | |
|---|---|
| क) असल परीक्षाका विशेषताहरूको वर्णन गर्न,<br>ख) बैधताका प्रकारको वर्णन गर्न,<br>ग) विश्वसनीयता निर्धारण गर्ने विधिको चर्चा गर्न ।<br>घ) व्यवहारिकता र विभेददर्शिताको परिचय दिन । | **एकाइ दुई : असल परीक्षाका विशेषताहरू (८ घन्टी )**<br>२.१ वैधता र यसका प्रकार<br>२.२ विश्वसनीयता र यसको निर्धारण गर्ने विधि<br>२.३ व्यावहारिकता<br>२.४ विभेददर्शिता |
| क) भाषिक मूल्याङ्कनका प्रचलित युक्तिहरूको परिचय दिन,<br>ख) भाषिक मूल्याङ्कनका युक्तिहरूको उपयोगिता दर्साउन,<br>ग) भाषिक मूल्याङ्कनका उपकरणहरूको परिचय दिई निर्माण गर्न । | **एकाइ तीन : भाषिक मूल्याङ्कनका प्रचलित युक्तिहरू (१० घन्टी )**<br>३.१ भाषिक मूल्याङ्कनका प्रचलित युक्तिहरूको परिचय र उपयोगिता<br>३.१.१ लिखित युक्ति<br>३.१.२ मौखिक युक्ति<br>३.१.३ प्रयोगात्मक युक्ति<br>३.२ उपर्युक्त युक्तिहरूका आवश्यक उपकरणहरू<br>३.२.१ प्रश्न र तिनका प्रकार<br>३.२.२ जाँचसूची<br>३.२.३ श्रेणीमापन |
| क) भाषिक मूल्याङ्कन योजना निर्माण गर्न,<br>ख) भाषिक मूल्याङ्कनका लागि प्रश्नहरू निर्माण गर्न<br>ग) भाषिक मूल्याङ्कनका लागि पूर्व परीक्षण र मानकीकरण गर्न,<br>घ) भाषिक मूल्याङ्कनका सन्दर्भमा नतिजाको विश्लेषण गर्न । | **एकाइ चार : भाषिक मूल्याङ्कनका लागि योजना र प्रश्ननिर्माण (९ घन्टी )**<br>४.१ मूल्याङ्कन योजनाको निर्माण<br>४.१.१ उद्देश्य निर्धारण<br>४.१.२ विषयवस्तु निर्धारण<br>४.१.३ विशिष्टीकरण तालिका निर्माण<br>४.२ प्रश्न निर्माण<br>४.३ पूर्व परीक्षण<br>४.४ मानकीकरण<br>४.५ परीक्षण<br>४.६ नतिजाको विश्लेषण |
| क) पश्चमार्जन प्रभावको परिचय दिन,<br>ख) पश्चमार्जन प्रभावका आवश्यकता प्रयोजन तथा उपयोगिता बताउन,<br>ग) पश्चमार्जन प्रभावलाई प्रभावकारी बनाउने उपायहरू उल्लेख गर्न । | **एकाइ पाँच : भाषिक परीक्षणमा पश्चमार्जन प्रभाव (११ घन्टी )**<br>५.१ पश्चमार्जन प्रभावको परिचय<br>५.२ भाषिक परीक्षणमा पश्चमार्जन प्रभावको आवश्यकता र प्रयोजन<br>५.३ पश्चमार्जन प्रभावलाई प्रभावकारी बनाउने उपायहरू<br>५.३.१ अपेक्षित दक्षता विकासका पक्षहरूको परीक्षण |

| | |
|---|---|
| | ५.३.२ व्यापक नमुनाको तयारी,<br>५.३.३ प्रत्यक्ष परीक्षण, मापदण्डमूलक परीक्षा,<br>५.३.४ उद्देश्यमा आधारित उपलब्धिमूलक परीक्षा र प्रयोग<br>५.३.५ शिक्षक र विद्यार्थीको बोधगम्यतामा आधारित परीक्षा<br>५.३.६ समुचित खर्च र समय व्यवस्थापन |

**४. शिक्षण प्रक्रिया**

प्रस्तुत पाठ्यांश सैद्धान्तिक तथा प्रयोगात्मक दुवै प्रकृतिको भएकाले यसको शिक्षणमा व्याख्यान, प्रश्नोत्तर, प्रदर्शन, छलफल, परियोजना, पुस्तकालय कार्य, खोज, कक्षा प्रस्तुति, क्षेत्रकार्य जस्ता विभिन्न विधि अवलम्बन गरिनेछ। यसै गरी पाठ्यपुस्तक, सन्दर्भपुस्तक, पाठपत्र, आरेख, तालिका, सूची आदि समेतको उपयोग गरेर योजनावद्ध शिक्षण गर्नमा जोड दिइनेछ। व्याख्यान विधिलाई कम उपयोग गरी विद्यार्थी सहभागितामूलक शिक्षण कार्यकलापहरूलाई बढी महत्त्व दिइनेछ। शिक्षण कार्यमा यथेष्ट उदाहरणहरूको उपयोग र विद्यार्थीहरूको सहभागितामा जोड दिइनेछ। भाषिक मूल्याङ्कनको सैद्धान्तिक जानकारी दिई त्यसको प्रयोगका लागि सम्बन्धित तहको नमुना कक्षामा प्रयोग र अभ्यास गराइनेछ। साथै पाठ्यसामग्री र पाठपत्रहरूको पठन र छलफलमा विशेष ध्यान दिनुपर्नेछ। विद्यार्थीको समूह विभाजन गरी प्रश्नपत्र निर्माण र विशिष्टीकरण तालिका निर्माण गर्न लगाई कक्षामा प्रस्तुतीकरण गर्न लगाइनेछ।

**५. आन्तरिक मूल्याङ्कन ४०%**

यस पाठ्यांशको आन्तरिक मूल्याङ्कन शिक्षकद्वारा निम्न गतिविधिहरूको आधारमा सञ्चालन गरिनेछ :

क) **कक्षा गतिविधिहरूमा उपस्थिति र सहभागिता :** **५+५ = १० अङ्क**

**ख) मूल्याङ्कन (असाइनमेन्ट) १ : प्रतिबिम्बात्मक नोट र कक्षा प्रस्तुतीकरण:** ५+५=१० अङ्क
(प्रत्येक एकाइको अन्तमा शिक्षकले दिएका २ देखि ४ प्रश्नमा प्रतिबिम्बात्मक टिप्पणीहरू र तीमध्ये कुनै दुईको प्रस्तुतीकरण)

ग) **मूल्याङ्कन (असाइनमेन्ट) २ : अध्ययनपत्र, निबन्ध, परियोजना र अन्तर्वार्ता** : ५+५ = १० अङ्क

(विद्यार्थीहरूले छानेका तथा शिक्षक एव. अन्तर्वार्ताद्वारा अनुमोदित गरिएका विषयहरूमा तार्किक निबन्ध, अध्ययनपत्र वा परियोजना) परियोजनाकार्यमा प्रश्नपत्र निर्माण र विशिष्टीकरण तालिका निर्माणमध्ये कुनै एक विधाकोव्यक्तिगत तथा सामूहिक रूपमा अध्ययनपत्र लेख्न लगाई कक्षामा प्रस्तुतीकरण गर्नसमेत लगाइनेछ।

**घ) आन्तरिक परीक्षा:** **१० अङ्क**

**६. बाह्य मूल्याङ्कन ६०%**

सत्रको अन्त्यमा परीक्षा नियन्त्रण कार्यालयले यस पाठ्यांशको निम्नानुसार बाह्य मूल्याङ्कनमा आधारित लिखित परीक्षा सञ्चालन गर्नेछ :

| **प्रश्नका प्रकारहरू** | **सोधिने जम्मा प्रश्नहरू** | **जवाफ दिनुपर्ने प्रश्नहरूको सङ्ख्या र अङ्कभार** | **कुल पूर्णाङ्क** |
|---|---|---|---|
| **समूह 'क' बहुवैकल्पिक** | १० ओटा प्रश्न | **१०×१** | **१०** |
| **समूह 'ख' सङ्क्षिप्त उत्तरात्मक** | दुइटा अथवासहित ६ ओटा प्रश्न | **६×५** | **३०** |
| **समूह 'ग' लामो उत्तरात्मक प्रश्नहरू** | एउटा अथवासहित २ ओटा प्रश्न | **२×१०** | **२०** |

**७..सन्दर्भसामग्री**


अधिकारी, हेमाङ्गराज, (२०५७ ), *नेपाली भाषा शिक्षण : केही परिप्रेक्ष्य तथा पद्धति,* विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०६५), नेपाली भाषाशिक्षण, विद्यार्थी पुस्तक भण्डार ।

अन्डरहिल, निक (सन् १९९२)), *टेस्टिङ स्पोकेन ल्याङ्ग्वेज,* क्याम्ब्रिज : क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

खनिया तीर्थराज (सन् २००५), *इग्जामिनेसन फर इन्हेन्स्ड लर्निङ,* मिलेनियम पब्लिकेसन प्रा। लि. ।

गुप्त, रमेशचन्द्र (सन् १९७४), *शिक्षा मे मापन और मूल्याङ्कन,* लक्ष्मीनारायण अग्रवाल पुस्तक प्रकाशन ।

जोशी, राधाकृष्ण (२०५८), *मूल्याङ्कन प्रविधि,* शैक्षिक जनशक्ति विकास केन्द्र ।

ढकाल, शान्तिप्रसाद (२०६२), *नेपाली भाषा शिक्षण : परिचय र प्रयोग,* मनकामना बुक्स एन्ड स्टेसनरी ।

पौडेल माधवप्रसाद (२०६७), *भाषिक मूल्याङ्कन,* विद्यार्थी पुस्तक भण्डार (सबै एकाइका लागि)

पौडेल माधवप्रसाद (२०७६), *भाषिक परीक्षण,* विद्यार्थी पुस्तक भण्डार (एकाइ ५ का लागि) ।

ल्याडो, रबर्ट (सन् १९६१), *ल्याङ्ग्वेज टेस्टिङ,* लङम्यान ।

शर्मा, केदारप्रसाद र पौडेल माधवप्रसाद (२०६७), *नेपाली भाषा र साहित्यशिक्षण,* विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, गजेन्द्रमान (२०३४), *परीक्षा र मूल्याङ्कन,* त्रिवि शिक्षाशास्त्र अध्ययन संस्थान र युनिसेफको संयुक्त प्रायोजन ।

परिमार्जित २०८१

**सुदूरपश्चिम विश्वविद्यालय**
**शिक्षाशास्त्र सङ्काय**
**नेपाली शिक्षा कार्यक्रम**

**पाठ्यांश शीर्षक :** प्रायोगिक भाषाविज्ञान
**विषय सङ्केत नं. :** Nep.Ed. 245 **विषयको प्रकृति :** सैद्धान्तिक
**तह :** स्नातक **जम्मा** **पाठ्यघण्टा (क्रेडिट आवर) :** ३
**सत्र :** चतुर्थ **शिक्षण घन्टी** : ४८

## १. पाठ्यांश परिचय

प्रस्तुत पाठ्यांश शिक्षाशास्त्र सङ्कायको सत्रप्रणाली (आठ सेमेस्टर) मा आधारित बी.एड. कार्यक्रमको नेपाली शिक्षा मूल विषय लिई अध्ययन गर्ने विद्यार्थीहरूका लागि तयार पारिएको हो । यसबाट उनीहरूलाई प्रायोगिक भाषाविज्ञानका शैक्षणिक पक्षको परिचयात्मक जानकारी प्राप्त हुनेछ । यसमा व्यतिरेकी विश्लेषण, त्रुटि विश्लेषण, कोशविज्ञान र सङ्कथन विश्लेषणका सैद्धान्तिक एवम् प्रायोगिक ज्ञान र क्षमता विकास गर्ने दृष्टिकोण राखिएको छ । यसवाट विद्यार्थीहरूमा प्रायोगिक भाषाविज्ञानसम्बन्धी सैद्धान्तिक ज्ञानका साथै तत्सम्बन्धी प्रायोगिक पक्षको समेत विकास हुने अपेक्षा गरिएको छ ।

## २. साधारण उद्देश्य

यस पाठ्यांशको अध्ययनपछि विद्यार्थीहरू निम्न कुरामा सक्षम हुनेछन् :

क) प्रायोगिक भाषाविज्ञानको परिचय दिन,
ख) शब्दकोश निर्माणका सैद्धान्तिक आधारहरूको वर्णन गर्न,
ग) नेपाली भाषामा शब्दकोशको विकास र यसको वर्तमान स्थितिको चर्चा गर्न,
घ) व्यतिरेकी विश्लेषणको सैद्धान्तिक अवधारणा र प्रक्रिया बताउन,
ङ) त्रुटि विश्लेषणको सैद्धान्तिक अवधारणा र प्रक्रिया बताउन,
च) सङ्कथन विश्लेषणको सैद्धान्तिक अवधारणा उल्लेख गरी सङ्कथनको विश्लेषण गर्न ।

## ३. विशिष्ट उद्देश्य र पाठ्य पाठ्यवस्तुको विवरण

| विशिष्ट उद्देश्य | पाठ्यवस्तुको विवरण |
|---|---|
| क) प्रायोगिक भाषाविज्ञानको परिचय दिन,<br>ख) प्रायोगिक भाषाविज्ञानको विकासक्रमको चर्चा गर्न,<br>ग) प्रायोगिक भाषाविज्ञानका लघु र वृहत् क्षेत्रको जानकारी दिन । | **एकाइ एक : प्रायोगिक भाषाविज्ञानको परिचय (घन्टी ६)**<br>१.१ प्रायोगिक भाषाविज्ञानको परिचय<br>१.२ प्रायोगिक भाषाविज्ञानको विकासक्रम : प्रारम्भिक मोड, व्यवहारवादी मोड, मनोवादी मोड र सम्प्रेषणवादी मोड)<br>१.३ प्रायोगिक भाषाविज्ञानका क्षेत्र : लघु र बृहत् |

| | |
|---|---|
| क) कोशविज्ञानको सैद्धान्तिक परिचय दिन,<br>ख) कोशका प्रकार वर्गीकरण गर्न,<br>ग) प्रविष्टि र उपप्रविष्टि पहिचान गर्न,<br>घ) शब्दकोशमा समाविष्ट हुने सूचनाहरू पहिचान गर्न,<br>ङ) प्रमुख नेपाली एकभाषिक कोशहरूको परिचय दिन,<br>च) नेपाली कोशको प्रयोग गर्ने तरिका बताउन । | **एकाइ दुई : कोशविज्ञान (घन्टी १३)**<br>२.१ कोशविज्ञानको सैद्धान्तिक परिचय<br>२.२ कोशका प्रकार : भाषा सङ्ख्या, प्रविष्टि प्रकृति, प्रविष्टि क्षेत्र, प्रविष्टि अनुक्रम, काल, प्रविष्टि स्वरूप र प्रयोजन<br>२.३ शब्दकोशमा प्रविष्टि र उपप्रविष्टि<br>२.४ शब्दकोशमा समाविष्ट हुने सूचनाहरू<br>२.५ प्रमुख नेपाली एकभांषिक कोश<br>२.५.१ बगली कोश<br>२.५.२ नेपाली बृहत् शब्दकोश<br>२.५.३ प्रयोगात्मक नेपाली शब्दकोश<br>२.६ नेपाली शब्दकोश प्रयोग गर्ने तरिका र अभ्यास |
| क) व्यतिरेकी विश्लेषणको परिचय दिन,<br>ख) व्यतिरेकी विश्लेषणको सैद्धान्तिक अवधारणाबारे चर्चा गर्न,<br>ग) व्यतिरेकी विश्लेषणका तह, प्रक्रिया र पद्धतिको वर्णन गर्न<br>घ) व्यतिरेकी विश्लेषणको उपयोगिता र सीमा बताउन,<br>ङ) व्यतिरेकी विश्लेषण गर्न । | **एकाइ तीन : व्यतिरेकी विश्लेषण (घन्टी ७)**<br>३.१ व्यतिरेकी विश्लेषणको परिचय<br>३.२ व्यतिरेकी विश्लेषणको सैद्धान्तिक अवधारणा<br>३.३ व्यतिरेकी विश्लेषणका तह, प्रक्रिया र पद्धति<br>३.४ व्यतिरेकी विश्लेषणको उपयोगिता र सीमा<br>३.५ व्यतिरेकी विश्लेषणको अभ्यास |
| क) त्रुटि विश्लेषण्को परिचय दिन,<br>ख) विभिन्न आधारमा त्रुटिको वर्गीकरण गर्न,<br>ग) त्रुटि विश्लेषणको तह, प्रक्रिया र पद्धतिको वर्णन गर्न<br>घ) भाषा सिकाइमा त्रुटि विश्लेषणको उपयोगिता दर्साउन,<br>ङ) त्रुटि विश्लेषण गर्न । | **एकाइ चार : त्रुटि विश्लेषण (घन्टी ८)**<br>४.१ त्रुटि विश्लेषणको परिचय<br>४.२ त्रुटिका प्रकार<br>४.३ त्रुटि विश्लेषणका तह, प्रक्रिया र पद्धति<br>४.४ भाषा सिकाइमा त्रुटि विश्लेषणको उपयोगिता<br>४.५. त्रुटि विश्लेषणको अभ्यास |
| क) सङ्कथनको परिचय दिन,<br>ख) सङ्कथन विश्लेषणको सैद्धान्तिक अवधारणा र विकासक्रमको विश्लेषण गर्न,<br>ग) सङ्कथनको वर्गीकरण गर्न,<br>घ) कथ्य सङ्कथनको परिचय दिई यसका प्रकार र विशेषता पहिचान गर्न,<br>ङ) लेख्य सङ्कथनको परिचय दिई यसका प्रकार र विशेषता पहिचान गर्न, | **एकाइ पाँच : सङ्कथन विश्लेषण (घन्टी १४)**<br>५.१ सङ्कथनको परिचय<br>५.२ सङ्कथन विश्लेषणको सैद्धान्तिक अवधारणा र विकास<br>५.३ सङ्कथनका प्रकार<br>५.३.१ कथ्य सङ्कथनको परिचय, प्रकार र विशेषता<br>५.३.२ लेख्य सङ्कथनको परिचय, प्रकार र विशेषता<br>५.३.३ साङ्केतिक सङ्कथनको परिचय र |

| | |
|---|---|
| च) साङ्केतिक सङ्कथनको परिचय दिई यसका विशेषता उल्लेख गर्न,<br><br>च) सम्बद्धकको परिचय दिई सङ्कथन निर्माणमा त्यसको भूमिका प्रस्ट पार्न,<br>छ) सम्बद्धनको परिचय दिई त्यसका प्रकार केलाउन,<br>ज) सङ्कथन विश्लेषण र भाषाशिक्षणको अन्तर्सम्बन्ध स्पष्ट गर्न<br>झ) स्थानीय स्तरमा प्रकाशित विभिन्न सङ्कथनको विश्लेषण गर्न । | विशेषता<br>५.४ सङ्कथनका तत्त्वहरू (प्रस्तोता, बोद्धा, विषय, मार्ग, कोड, सूचनाको स्वरूप, परिवेश) को परिचय<br>५.५ सङ्कथनका युक्ति<br>५.५.१ सम्बद्धक : परिचय र प्रकार (कोशीय र व्याकरणिक)<br>५.५.२ सम्बद्धन : परिचय र सङ्कथनमा सम्बद्धनको भूमिका<br>५.६ सङ्कथन विश्लेषण र भाषाशिक्षण<br>५.७ सङ्कथन विश्लेषणको अभ्यास |

## ४. शिक्षण प्रक्रिया

प्रस्तुत पाठ्यांश सैद्धान्तिक तथा प्रयोगात्मक दुवै प्रकृतिको भएकाले यसको शिक्षणमा व्याख्यान, प्रश्नोत्तर, प्रदर्शन, छलफल, परियोजना, पुस्तकालय कार्य, खोज, कक्षा प्रस्तुति, क्षेत्रकार्य जस्ता विभिन्न विधि अवलम्बन गरिनेछ । यसै गरी पाठ्यपुस्तक, सन्दर्भपुस्तक, पाठपत्र, आरेख, तालिकासूची आदि समेतको उपयोग गरेर योजनावद्ध शिक्षण गर्नमा जोड दिइनेछ । व्याख्यान विधिलाई कम उपयोग गरी विद्यार्थी सहभागितामूलक शिक्षण कार्यकलापहरूलाई बढी महत्त्व दिइनेछ । शिक्षण कार्यमा यथेष्ट उदाहरणहरूको उपयोगमा र विद्यार्थीहरूको सहभागितामा जोड दिइनेछ । प्रायोगिक पक्षका निर्धारित पक्षको सैद्धान्तिक जानकारी दिई त्यसको प्रयोगका पक्षमा पनि अभ्यास गराइनेछ । शब्दकोशको ज्ञान र सिप विकास गर्न शब्दकोशका पुस्तकका साथै विद्युतीय माध्यमको उपयोग गरी शिक्षण सिकाइ अघि बढाइनेछ । विद्यार्थीको समूह विभाजन गरी स्थानीय स्तरमा प्रचलित भाषा, भाषिकाबिच व्यतिरेकी विश्लेषणको नमुना दिई विद्यार्थीलाई प्रस्तुत गर्न लगाइनेछ । त्रुटिविश्लेषणमा एकअर्काका लिखित सामग्री हेरी त्रुटिको खोजी गरी विश्लेषण गर्न लगाइनेछ भने सङ्कथन विश्लेषणमा स्थानीय स्तरका विविध सङ्कथनको विश्लेषण गराई प्रयोगात्मक पक्षमा बढी जोड दिइनेछ । तत् तत् विषयमा तोकिएका विषयवस्तु तयार पारी कक्षामा प्रस्तुतीकरण गराउनुका साथै अभ्याससमेत गर्न लगाइनेछ ।

## ५. आन्तरिक मूल्याङ्कन ४०%

यस पाठ्यांशको आन्तरिक मूल्याङ्कन शिक्षकद्वारा निम्न गतिविधिहरूको आधारमा सञ्चालन गरिनेछ :

क) **कक्षा गतिविधिहरूमा उपस्थिति र सहभागिता :** ५+५ = १० अङ्क

ख) **मूल्याङ्कन (असाइनमेन्ट) १ : प्रतिबिम्बात्मक नोट र कक्षा प्रस्तुतीकरण :** ५+५=१० अङ्क
(प्रत्येक एकाइको अन्तमा शिक्षकले दिएका २ देखि ४ प्रश्नमा प्रतिबिम्बात्मक टिप्पणीहरू र तीमध्ये कुनै दुईको प्रस्तुतीकरण)

ग) **मूल्याङ्कन (असाइनमेन्ट) २ : अध्ययनपत्र, विश्लेषणपत्र, परियोजना र अन्तर्वार्ता** : ५+५ = १० अङ्क
विद्यार्थीहरूले छानेका तथा शिक्षक एव. अन्तर्वार्ताद्वारा अनुमोदित गरिएका विषयहरूमा अध्ययनपत्र, विश्लेषणपत्र वा परियोजना)

घ) आन्तरिक परीक्षाः १० अङ्क

परियोजना कार्यमा स्थानीय भेकका लेखकका विभिन्न कृतिहरूमध्ये कुनै एक कृतिको सङ्कथन विश्लेषण गर्न, स्थानीय विद्यालयमा अध्ययनरत माध्यमिक तहका विद्यार्थीहरूका अभ्यासमा केन्द्रित व्यतिरेकी विश्लेषण वा स्थानीय स्तरमा प्रचलित भाषा, भाषिका वा नेपाली भाषाको व्यतिरेकी विश्लेषणसम्बन्धी अध्ययनपत्र लेख्न लगाइनेछ ।

### ६. बाह्य मूल्याङ्कन ६०%

यस पाठ्यांशको सत्रको अन्त्यमा परीक्षा नियन्त्रण कार्यालयले निम्नानुसार बाह्य मूल्याङ्कनमा आधारित लिखित परीक्षा सञ्चालन गर्नेछ :

| **प्रश्नका प्रकारहरू** | **सोधिने जम्मा प्रश्नहरू** | **जवाफ दिनुपर्ने प्रश्नहरूको सङ्ख्या र अङ्कभार** | **कुल पूर्णाङ्क** |
|---|---|---|---|
| **समूह 'क' बहुवैकल्पिक** | १० ओटा प्रश्न | **१०×१** | **१०** |
| **समूह 'ख' सङ्क्षिप्त उत्तरात्मक** | दुइटा अथवासहित ६ ओटा प्रश्न | **६×५** | **३०** |
| **समूह 'ग' लामो उत्तरात्मक** | एउटा अथवासहित २ ओटा प्रश्न | **२×१०** | **२०** |

### ७. सन्दर्भसूची

अधिकारी, हेमाङ्गराज (२०६७) *सामाजिक र प्रायोगिक भाषाविज्ञान* (पाँचौँ सस्करण), रत्न पुस्तक भण्डार (एकाइ एकदेखि ४ सम्मका लागि) ।

उपाध्याय, धनकृष्ण (२०७६), *सङ्कथनको सैद्धान्तिक अवधारणा र विश्लेषण,* ड्रिमल्यान्ड प्रकाशन (एकाइ पाँचका लागि) ।

खतिवडा, लयप्रसाद (२०७७), *प्रायोगिक भाषाविज्ञानको परिचय,* ड्रिमल्यान्ड पब्लिकेसन (१–४ एकाइका लागि) ।

ढुङ्गेल, भोजराज (२०६२) प्रायोगिक भाषाविज्ञान, एम. के पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स (निर्धारित एकाइका लागि) ।

पौडेल, माधवप्रसाद र गोकुल पोखेल (२०७१) *सङ्कथन विश्लेषण सिद्धान्त र प्रयोग.* विद्यार्थी पुस्तक भण्डार (एकाइ पाँचका लागि) ।

ब्राउन, गिलियन र युले, जर्ज (१९८३), *डिस्कोर्स एनालिसिस,* क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

लम्साल, रामचन्द्र (२०५७), *कोशविज्ञान र नेपाली कोश,* विद्यार्थी पुस्तक भण्डार (एकाइ दुईका लागि) ।